मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नगर कार्यपालिका बैठक

मितिः २०७७ भाद्र २४ गते बुधबार

**प्रस्तावहरुः**

१. विपदबाट प्रभावित व्यक्तिहरुलाई उपलव्ध गराउने राहतको मापदण्ड स्वीकृत गर्ने ।

२. बाढी पहिरोको कारण भएको क्षति अनुगमन समितिको प्रतिवेदन सम्वन्धमा ।

३. नगर सभाबाट स्वीकृत योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन सम्वन्धमा ।

४. लालहिरा कृषक समूहको साझेदारीमा कोशेली घर सञ्चालन प्रस्ताव सम्वन्धमा ।

५. महिला आत्मनिर्भरता केन्द्रलाई बाल संरक्षण गृह सञ्चालन गर्न दिने माग सम्वन्धी ।

६. विद्यालय पूर्वाधार (भवन तथा खेलमैदान) पुनः निर्माणको लागि कारितास स्वीजरल्याण्डसँग २० प्रतिशत साझेदारी गर्ने ।

७. पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी योजना/कार्यक्रम छनौट सम्वन्धमा ।

८. **घ** वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलव्ध गराउने ।

- क. बतासे कन्स्ट्रक्सन प्रा.लि. मेनपा ६
- ख. गोमाल्मादेवी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. मेनपा ११
- ग. डायमण्ड सिन्धु सप्लायर्स एण्ड बिल्डर्स प्रा.लि.मेनपा १३
- घ. युनिक एण्ड युनिस कन्स्ट्रक्सन प्रा.लि. मेनपा ११

९. जर्मन नेपाल सहयोग संघको वार्षिक बजेट तथा कार्यक्रम अनुमोदन गर्ने ।

१०. मेनपा- ११, साविक मेलम्ची ९ बस्ने गुरुङ्गहरुको परम्परागत घाटमा चिहान र पाटी बनाउन बजेट माग सम्वन्धी ।

११. मेनपा- ९ को गोल्माथान, जिरो, खड्काथोक, डव्ल्याङ्ग, बाङ्गेरुख, धुले, पात्ले सडक सुचारु गर्न बजेट माग ।

१२. मेलम्ची नगर युवा क्लवलाई भवन र खेलमैदान बनाउन जग्गा माग सम्वन्धी ।

१३. सुन्दर सुयलछाप विकास तथा अर्चलेदेवी संरक्षणको गुरुयोजना माग सम्वन्धी ।

१४. "मेलम्ची नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" स्वीकृति सम्वन्धी ।

१५. मेलम्ची-फट्टे-धार्ना-ककनी-सेर्माथाङ्ग मोटरबाटो निर्माणको लागि बजेट माग गर्ने सम्वन्धी ।

१६. बसपार्क निर्माणको लागि जग्गा लिजमा लिने प्रकृया अगाडि बढाउने सम्वन्धी ।

१७. अन्यः

- विभिन्न निकायबाट प्राप्त पत्रहरु

निर्णयहरु:

१. मेलम्ची नगरपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन र जलवायु उत्थानशील नगर निर्माणको लागि बनेको ऐन २०७५ को दफा १९ बमोजिम विपद प्रभावित व्यक्तिलाई संघीय सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक श्रोतबाट उपलव्ध गराउने राहतको मापदण्ड देहायबमोजिक हुने गरी स्वीकृत गर्ने ।

| क.सं. | क्षतिको प्रकार | राहत दिने रकम रु. | पशु चौपाया मृत्यु भएको अवस्थामा | | कैफियत |
|---|---|---|---|---|---|
| | | | औसत मूल्य रु. | राहत रकम रु. | |
| १ | घर पूर्ण क्षति भई बस्न नहुने भएको | १५०००।०० | - | | |
| २ | घर आंशिक क्षति भएको | १००००।०० | - | | |
| ३ | जोखिमको कारण घर छोडी अन्यत्र बसोबास गरेको | ७०००।०० | | | |
| ४ | दुहुनो भैसी मरेको | | १०००००।०० | मूल्यको १० प्रतिशत | |
| ५ | दुहुनो गाई मरेको | | ३००००।०० | मूल्यको १० प्रतिशत | |
| ६ | पाडो पाडी मरेको | | २००००।०० | मूल्यको १० प्रतिशत | |
| ७ | बाच्छो बाच्छी मरेको | | १००००।०० | मूल्यको १० प्रतिशत | |
| ८ | खसी बाखा मरेको | | १५०००।०० | मूल्यको १० प्रतिशत | |
| ९ | बंगुर मरेको | | १५०००।०० | मूल्यको १० प्रतिशत | |

२. समितिको मिति २०७७ भाद्र ९ गतेको बैठकको निर्णय अनुसार बाढी पहिरोजन्य विपदबाट भएको क्षति तथा जोखिम अध्ययन गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदनमा विपदबाट क्षति भएका व्यक्तिको आवास सम्वन्धी जोखिमलाई प्राथमिकता दिएकोमा छुट भएका अन्य व्यक्तिहरुको समेत विवरण समावेश गरी क्षतिको प्रकृति अनुसार प्राथमिकीकरण र परिमार्जन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने ।साथै बाढी पहिरोले क्षति पुर्याएका सिंचाई कुलो, सामूदायिक खानेपानी, प्रमुख सडक लगायतका क्षेत्रको विवरण र अनुमानित लागत वडा स्थित प्राविधिकबाट तयार गराइ पठाउन सम्वन्धित वडा समितिको कार्यालयलाई निर्देशन दिने ।

३. नगर सभाबाट चालु आर्थिक वर्ष २०७७।७८ को लागि स्वीकृत वार्षिक नगर विकास योजनामा परेका योजनाहरुमध्ये नगर कार्यपालिकाको मिति २०७७।०४।१४ गतेको बैठकको निर्णयानुसार उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने योजनाहरुको २०७७ असोज १५ गतेसम्ममा उपभोक्ता समिति गठन गरी नगरपालिकामा जानकारी गराउन वडा समितिहरुलाई निर्देशन दिने ।

४. मेलम्ची १२ स्थित लालहिरा कृषक समूहले पेश गरेको प्रस्ताव अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ५ लाख, CDCF संस्थाको ५ लाख, मेलम्ची नगरपालिकाको ५ लाख र लालहिरा कृषक समूहको २लाख ५० हजार साझेदारी लगानीमा कार्यविधि बनाई कोशेली घर सञ्चालन गर्न स्वीकृति दिने ।

५. महिला आत्मनिर्भरता केन्द्र, मेलम्ची ११ ले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ एवं मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनर्स्थापना केन्द्र स्थापना/सञ्चालन गर्न स्वीकृति माग गरी कागजात पेश गरेको सम्वन्धमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ संशोधनसहितको नियम ११ को उपनियम (८) बमोजिम सो संस्थालाई पुनर्स्थापना केन्द्र स्थापना/सञ्चालन गर्न स्वीकृति दिनको लागि जिल्ला समिति तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई अनुरोध गर्ने ।

६. कारितास स्वीट्जरल्याण्डद्वारा पुनर्निर्माण सम्पन्न भएको जनता माध्यमिक विद्यालय ज्यामिरेको भवन तथा खेलमैदान हालको वर्षाको कारण आएको बाढी पहिरोले जोखिममा परेको हुँदा विद्यालय संरचनाको दिर्घकालिन संरक्षणको लागि सो संस्थाले तयार गरेको लागत अनुमान रु १२६३६५४ रहेको र संस्थासँग पर्याप्त श्रोत नभएको भनि नगरपालिकासँग लागत साझेदारीको लागि प्रस्ताव पेश भएकोमा अनुमानित लागतको २० प्रतिशत नगरपालिकाले साझेदारी गर्ने गरी नगर प्रमुखबाट भएको निर्णय अनुमोदन गर्ने ।

७. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्रकाशित सूचना अनुसार पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी योजना/कार्यक्रममा साझेदारीको लागि देहायका योजना छनौट गरी पठाउने ।
   क. धौले पर्यटन विकास आयोजना
   ख. मेलम्ची सिटी पार्क

८. घ वर्गको निर्माण व्यवसाय इजाजत सम्वन्धी कार्यविधि २०७५ दफा २ को उपदफा १ बमोजिम निर्माण व्यवसाय सञ्चालन गर्न इजाजत पत्र माग गरी पेश भएका देहायबमोजिमका निर्माण कम्पनीहरुसँग नियमानुसार राजश्व लिई ईजाजत पत्र प्रदान गर्ने ।
   क. बतासे कन्स्ट्रक्सन प्रा.लि., मेनपा ६
   ख. गोमाल्मादेवी इन्जिनियिरङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., मेनपा ११
   ग. डायमण्ड सिन्धु सप्लायर्स एण्ड बिल्डर्स प्रा.लि.,मेनपा १३
   घ. युनिक एण्ड युनिस कन्स्ट्रक्सन प्रा.लि., मेनपा ११

९. जर्मन नेपाल सहयोग संघले नगरक्षेत्र भित्रका १५ वटा विद्यालयहरुमा विगत वर्षदेखि नै सञ्चालन गर्दै आएको बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधि चालु आर्थिक वर्ष २०७७।७८ मा पनि साझेदार संस्था विकासको लागि एकता मार्फत सञ्चालन निरन्तरताको लागि पेश गरेको कार्यक्रम तथा बजेट रु १५०४१८०। आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने गरी सञ्चालन स्वीकृति दिने ।

१०. मेलम्ची ११ (साविक मेलम्ची गाविस ९) मा बसोबास गर्ने गुरुङहरुको दाहसंस्कार स्थलमा चिहान पाटी निर्माण गरी दिन गुरुङ समाज मेलम्चीले अनुरोध गरेको सम्वन्धमा प्रस्तावित स्थलको सामाजिक सांस्कृतिक तथा वातावरणीय पक्षको प्राविधिक अध्ययन गरी आवश्यक निर्णयार्थ पेश गर्ने ।

११. बर्षातको भेलबाढीले क्षतिग्रस्त मेलम्ची ९ मा पर्ने गोल्माथान, जिरो, खड्काथोक, डव्ल्याङ्ग, बाङ्गेरुख, धुले, पाल्ले खण्ड तत्काल मर्मत गरी सो क्षेत्रका जनताको कृषि उपज तथा पशुजन्य उत्पादन बजारसम्म लैजान एवं बिरामीलाई अस्पताल लैजान समेत सहज बनाउन माग गरी प्राप्त हितबहादुर तामाङ्गसमेत ११ जनाको निवेदनको

सम्वन्धमा सडक तत्काल मर्मत गरी सञ्चालन गर्न आवश्यक कार्यको लागत अनुमान तयार गरी पेश गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने ।

१२. मेलम्ची ११ स्थित कठेरी बगरमा रहेको सार्वजनिक जग्गामा बहुउद्धेश्यीय खेल मैदान निर्माण गर्ने ।

१३. मेलम्ची नगरपालिका वार्ड नं २ स्थित पृथ्वीनारायण शाह कालिन ऐतिहासिक एवं पुरातातविक स्थल अर्चलेदेवी मन्दिर तथा गढी पुन:निर्माण तथा संरक्षणको लागि सुन्दर सुयलछाप विकास तथा अर्चलेदेवी संरक्षण समितिबाट अनुरोध गरी पेश भएको सम्वन्धमा मन्दिर तथा गढी क्षेत्र विकासको लागि गुरुयोजना तयार गर्ने ।

१४. "मेलम्ची नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" स्वीकृत गर्ने ।

१५. गत आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारबाट मेलम्ची-फट्टे-धार्ना-ककनी-सेर्माथाङ्ग मोटरबाटो निर्माणको लागि रु. ५ करोड लागत अनुमान स्वीकृत गरी बोलपत्र भएकोमा चालु आर्थिक वर्ष २०७७।७८ मा सो योजनाको लागि बजेट विनियोजन नभएको हुँदा बहुबर्षीय योजनाको रुपमा स्वीकृत गराइ बजेट विनियोजन गरी निर्माण कार्य अगाडि बढाई दिन पूर्वाधार विकास कार्यालय, चौतारालाई अनुरोध गर्ने ।

१६. नगरपालिकामा सवारीको बढ्दो चाप व्यवस्थापन गर्न बसपार्क निर्माण गर्न आवश्यक भएको र मेलम्ची बजार क्षेत्रमा नगरपालिकाको स्वामित्वमा जग्गा नभएको कारण मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची नवलपुर चौतारा सडकको इन्द्रावती नदीको पुल मुनिको पश्चिम किनारामा नदी तटबन्ध बाँधी संरक्षण गरिएको कित्ता नं. २ र ३ मा पर्ने जग्गा क्षेत्रफल १४-१२-२-३ मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७१ बमोजिम लिजमा लिई बसपार्क बनाउन स्वीकृतिको लागि प्रकृया अगाडि बढाई दिन मालपोत कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने ।

२०७७/५/२८